# लिसंखु पाखर गाउँपालिका
# बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७६

**गाउँ कार्यपालिका बैठक बाट पारित मिति २०७६/०१/२७**
**प्रमाणित मिति २०७६/०१/२९**

**प्रस्तावना**

नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि लोकतान्त्रिक गणतन्त्र र संघीय संरचनाको व्यवहारिक कार्यान्वयनको मर्मलाई आत्मसात गर्दै संविधानको मौलिक हक अन्तर्गत उल्लेखित बाल अधिकारका व्यवस्थाहरु तथा राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वमा उल्लेखित बालबालिकाको सर्वोत्तम हितलाई कार्यान्वयनमा ल्याउन बालबालिका ऐन २०७५ को व्यवहारिक कार्यान्वयनका लागि संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकार तथा अनुसूची ९ मा उल्लेखित साझा अधिकारको सूचीको आधारमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी लिसंखु पाखर गाउँपालिकाको कार्यपालिका बैठकबाट पारित भई गाउँ सभाबाट अनुमोदन गरी कार्यान्वयनमा ल्याइएको छ ।

## परिच्छेद १ : नाम र परिभाषा

१. **नाम** : यसको नाम "लिसंखु पाखर गाउँपालिका बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७६" रहनेछ ।

२. **लागु हुने मिति** : यो कार्यविधि गाउँपालिकाको कार्यपालिका बैठकबाट पास भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

३. **परिभाषा** : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि निम्न परिभाषाहरु कायम गरिएको छ :

क) कार्यविधि : कार्यबिधि भन्नाले लिसंखु पाखर गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी  कार्यविधि २०७६ लाई सम्झनुपर्छ ।

ख) सरकार : सरकार भन्नाले नेपालको संघीय, प्रादेशिक र स्थानिय सरकार सम्झनुपर्दछ ।

ग) ऐनः ऐन भन्नाले नेपाल सरकारले लागु गरेको बालबालिका सम्बन्धी ऐन २०७५ लाई सम्झनुपर्दछ ।

घ) परिषद : परिषद भन्नाले बालबालिका सम्बन्धी  ऐन २०७५ अन्तर्गत गठन भएको राष्ट्रिय बालअधिकार परिषद सम्झनुपर्दछ ।

ङ) प्रदेश समिति : प्रदेश समिति भन्नाले प्रचलित प्रदेश कानुन बमोजिम गठन भएको ३ नम्बर प्रदेश बाल अधिकार समिति सम्झनुपर्दछ ।

च) समितिः समिति भन्नाले यस कार्यबिधि अन्तर्गत गठन भएको लिसंखु पाखर गाउँ पालिका बालअधिकार समिति भन्ने सम्झनुपर्दछ ।

छ) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिका: जोखिममा रहेका बालबालिका भन्नाले बालबालिका सम्बन्धी ऐनको दफा ४८ मा उल्लेखित विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिका सम्झनुपर्दछ ।

ज) बालबालिका बिरुद्धको कसुर : बालबालिकाविरुद्धको कसुर भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६६ मा तथा ३ नम्बर प्रदेश सरकारको बालबालिका सम्बन्धी नियममा उल्लेखित कसुरहरु सम्झनुपर्दछ ।

झ) बाल कल्याण अधिकारी : बालकल्याण अधिकारी भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ अनुसार लिसंखु पाखर गाउँपालिकामा खटिएको कर्मचारी सम्झनु पर्दछ ।

ञ) स्थानीय बाल कल्याण सहजकर्ता भन्नाले लिसंखु पाखर गाउँपालिकाको वाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यबिधी २०७६ को दफा ८ बमोजिम स्थानीय स्तरमा गाउँ पालिकाबाट नियुक्त भएको वा तोकिएको सहजकर्ता सम्झनु पर्दछ ।

ट) समाजसेवी : समाजसेवी भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ अनुसार लिसंखु पाखर गाउँपालिकामा सूचिकृत समाजसेवी तथा सामाजिक कार्यकर्ता सम्झनु पर्दछ । यस शब्दले यसरी सूचिकृत संघ संस्थालाई समेत जनाउनेछ ।

ठ) बालमनोविज्ञ : बाल मनोविज्ञ भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ अनुसार लिसंखु पाखर गाउँपालिकामा सूचिकृत बालमनोविज्ञ तथा मनोसामाजिक कार्यकर्ता सम्झनु पर्दछ । यस शब्दले यसरी सूचिकृत संघ संस्थालाई समेत जनाउनेछ ।

ड) यस कार्यविधिमा उल्लेख भएका अन्य शब्दावली बालबालिका सम्बन्धी ऐन २०७५ तथा ३ नम्बर प्रदेश सरकारको बालबालिका सम्बन्धी नियम अनुसार परिभाषित हुनेछन् ।

## परिच्छेद २ : बाल अधिकार कार्यान्वयन र संरक्षणको कार्यविधिगत मापदण्ड

४.लिसंखु पाखर गाउँपालिकाले तपसिल बमोजिमका बालअधिकार सम्बन्धी मापदण्डहरु लागु गर्नेछ ।

### ४.१ विद्यालयमा बालअधिकार सम्बन्धी मापदण्ड

क) विद्यालयको भौतिक पूर्वाधारहरु उमेर अनुरुप बालमैत्री तथा दुर्घटनाबाट सुरक्षित खालको बनाइनेछ ।

ख) सबै बिद्यालय परिसर पर्खाल वा घेराबार लगाई अवान्छित व्यक्ति तथा चौपाया आदिको प्रवेश नियन्त्रण गरिएको हुनेछ ।

ग) विद्यालयमा अवाञ्छित राजनीतिक गतिविधि, हस्तक्षेप तथा बालबालिका एवं शिक्षकहरुको दलगत राजनीतिक परिचालन निषेधित हुनेछ ।

घ) प्रचलित कानुन बाहेक बिनाकारण विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निष्कासन गर्न पाइनेछैन ।

ङ) प्रत्येक विद्यालयको पकडक्षेत्रमा १५ विद्यार्थी बराबर एक बालविकास केन्द्र सञ्चालन हुनेछ ।

च) विद्यालयमा शिक्षक विद्यार्थी प्रशासक एवं अविभावक तथा आगन्तुकहरुले बालबालिकाबिच कुनै पनि भेदभाव, शारीरिक तथा मानसिक एवं यौन हिंसा र दुर्व्यवहार, अवहेलना गर्न निषेध गरिएको छ ।

छ) प्रत्येक विद्यालयमा सफा पिउने पानी, शौचालयमा पर्याप्त पानीको व्यबस्था , किशोरीहरुका लागि महिनावारी प्याड तथा प्राथमिक उपचार बाकसको व्यबस्था एवं बाल क्लव गठन र संचालन गरिनेछ ।

ज) प्रत्येक विद्यालयले साप्ताहिक रुपमा बालबालिकाको प्रतिभा प्रस्फुटन, सृजना तथा खेलकुद र साहित्यका कार्यक्रम सञ्चालन गरिनेछ ।

झ) विद्यालयमा शिक्षा तथा अन्य सुविधाका नाममा धार्मिक द्वेष फैलाउने, धर्म परिवर्तन गर्न लगाउने र फरक जात, समुदाय, सम्प्रदाय तथा संस्कृति प्रति द्वेष तथा घृणा जगाउने कार्य निषेधित गरिएको छ ।

ञ) विद्यालयहरुमा विद्यालयसँग सम्बद्ध सरोकारवालाहरुको आचार संहिता बनाई लागु गरिनेछ ।

## ४.२ स्वास्थ्य संस्थामा बालअधिकार सम्बन्धी मापदण्ड

क) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार सरसफाइयुक्त, सुरक्षित र बालमैत्री हुनपर्नेछ ।

ख) स्वास्थ्यसंस्थाहरुले संभव भएसम्म त्रैमासिक रुपमा निःशुल्क औषधी र परीक्षण सुविधा सहितको विद्यालय स्वास्थ्य शिविर सञ्चालन गर्नेछन् ।

ग) निजी स्वास्थ्य संस्थाहरुले गाउँपालिका भित्रको कुनै एक सार्वजनिक विद्यालय र एक सामुदायिक बस्तीलाई आफ्नो सेवा क्षेत्र मानी निःशुल्क औषधी तथा उपचार सेवा प्रदान गर्न प्रेरित गरिने छ ।

घ) स्वास्थ्य कार्यकर्ता तथा स्वयंसेविकाहरुलाई बाल अधिकार, बाल संरक्षण विषयमा प्रशिक्षित र परिचालन गरिनेछ ।

ङ) सामुदायिक तथा सरकारी स्वास्थ्यकेन्द्रबाट न्युनतम वार्षिक २ पटक खोप, पोषण तथा मातृशिशु स्याहार सम्बन्धी  कार्यक्रम बस्ती तथा विद्यालयस्तरमा सञ्चालन गरिनेछ ।

## ४.३. गाउँपालिका तथा वडा कार्यालयहरुमा बाल अधिकार सम्बन्धी मापदण्ड

क) गाउँपालिका तथा वडा कार्यालय एवं मातहतका कार्यालयहरूमा  बाल तथा अपागंतामैत्री पुर्वाधार निर्माण गरिनेछ

ख) गाउँपालिका तथा वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा बालअधिकार तथा बालमैत्री व्यबहार र बालमैत्री शासन अभ्यास सम्बन्धी  प्रशिक्षण प्रदान गरिनेछ ।

ग) गाउँपालिका तथा वडा कार्यालयहरुले योजना निर्माण, अनुगमन तथा सार्वजनिक सुनवाइका समयमा बाल सञ्जालका प्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनेछन् ।

घ) गाउँपालिका तथा वडा कार्यलयहरुले बाल अधिकार प्रवर्द्धनका लागि शिक्षा र स्वास्थ्यका क्षेत्रमा प्राथमिकताको साथ बजेट विनियोजन गर्नेछ ।

## ४.४ सार्वजनिक स्थल तथा निर्माणका कार्यमा बाल अधिकार मापदण्ड

क) प्रत्येक वडामा न्युनतम एक बाल उद्यानको निर्माण र सञ्चालन हुनेछ ।

ख) प्रत्येक वडामा एक बाल पुस्तकालय तथा वाचनालयको स्थापना र सञ्चालन हुनेछ ।

ग) गाउँ पालिकास्तरमा बाल सृजना केन्द्रको स्थापना हुनेछ ।

घ) सार्वजनिक स्थलहरु मदिरापान, धुम्रपान तथा लागुऔषध निषेधित क्षेत्र कायम हुनेछ ।

ङ) सार्वजनिक स्थलहरुमा अश्लील सामाग्री चित्र, तस्वीर बनाउन, अश्लील गतिविधि गर्न निषेधित हुनेछ ।

च) सार्वजनिक तथा निजी निर्माण कार्यहरु गरिरहँदा सुरक्षा व्यबस्था अपनाउन, खासगरी बालबालिकाको सुरक्षा सुनिश्चित गर्ने दायित्व स्थानीय सरकार, उपभोक्ता समितिहरु र निर्माण व्यावसायी तथा निजी निर्माणकर्ताको हुनेछ ।

**४.५. परिवार तथा समुदायमा अवलम्बन गरिने बाल अधिकार सम्बन्धी मापदण्ड**

क) प्रत्येक परिवारले आफ्नो परिवारमा जन्मिएका बालबालिकाको जन्मदर्ता प्रचलित कानुन बमोजिम ३५ दिन भित्र गरिदिनुपर्नेछ ।

ख) प्रत्येक परिवारले ३ देखि ५ वर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास तथा ५ देखि १७ बर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउनु पर्नेछ ।

ग) कुनै पनि परिवारले आफ्ना बालबालिकामाझ र समुदायका बालबालिका माझ लिङ्ग, जाति, रंग, पारिवारिक हैसियत तथा शारीरिक र यौनिक अवस्थाका आधारमा भेदभाव गर्नेछैन ।

घ) प्रत्येक परिवारले आफ्ना बालबालिकालाई पर्याप्त पोषण, खोप, नियमित स्वास्थ्य सेवा तथा खेल मनोरञ्जनको अवसर प्रदान गर्नेछ ।

ङ) कुनै पनि सामाजिक पर्व, बिहे, भोज आदिमा बालबालिकाको सुरक्षा र अवसरमा बालबालिकालाई पहिलो प्राथमिकता दिइनेछ ।

च) समुदायमा कसैले पनि बालबालिका विरुद्ध हिंसा, शोषण, दुर्व्यवहार गरेमा वा त्यस्ता घट्ना हुन लागेको थाहा भएमा प्रहरी कार्यालय / गाउँ बाल अधिकार समिति वा न्यायिक समितिमा उजुरी गर्नुपर्नेछ । यसरी उजुरी प्राप्त भइसकेपछि बालबालिका संग सम्बन्धित शाखा र बालअधिकार समितिले यसको अभिलेख राख्नुपर्नेछ ।

छ) परिवारभित्र अविभावक तथा बाबुआमाले बालबालिकासँग पारिवारिक अवस्था, बालबालिकाको आवश्यक्ता र समस्याहरुका बारेमा नियमित परामर्श गर्नेछन् ।

ज) अविभावक तथा बाबुआमाले बालबालिकाका लागि उपलब्ध गराइएको सामाजिक संरक्षण सुविधा (छात्रवृत्ति, सामाजिक सुरक्षा भत्ता, पोषण भत्ता आदि) सम्बन्धी त बालबालिकाको लागि तोकिएको प्रयोजनमा नै लगानी गर्नुपर्नेछ ।

झ) अविभावक तथा बाबुआमाले बालबालिकाको आम्दानी तथा बचतलाई १८ बर्ष उमेर पुरा भए पछि फिर्ता लिन सक्ने गरी नजिकैको सहकारी वा बैंकमा खाता खोली सुरक्षित राखिदिनुपर्नेछ ।

ञ) कुनै पनि अविभावक वा परिवारले आफ्नो परिवारभित्र २० वर्षभन्दा कम उमेरका व्यक्तिको विवाह गराउन हुँदैन ।

**४.६ स्थानीय बजार व्यबस्था मा बालअधिकार सम्बन्धी मापदण्ड**

क) कुनैपनि विद्यालयभन्दा २०० मिटरको दुरी भित्र मदिरा, चुरोट तथा सुर्ती लगायतका सामाग्री बिक्रि वितरण तथा उपभोग गर्न निषेध गरिएको छ ।

ख) विद्यालय परिसर वरपर कुनै पनि चलचित्र, मादक पदार्थ, चुरोट रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धी  तस्विर, होर्डिङ बोर्ड, पोस्टर पम्प्लेट लगायतका प्रचार प्रसार गर्न निषेध गरिएको छ ।

ग) सार्वजनिक निकाय तथा विद्यालयहरुमा प्रयोग गरिएको इन्टरनेट प्रविधिमा सेवा प्रदायकले अनिवार्य रुपमा अश्लील तथा वयस्क सामाग्रीहरुको प्रसारण रोक्ने व्यबस्था  गर्नेछ ।

घ) १८ वर्ष भन्दा कम उमेरका बालबालिकालाई सुर्ती, चुरोट तथा मदिराजन्य पदार्थ र अश्लील साहित्य तथा सामाग्री विक्री वितरण गर्न निषेध गरिएको छ ।

ङ) बालबालिकाका लागि अस्वस्थकर र हानिकारक भनी प्रमाणित भएका खेलौना तथा खाद्य पदार्थहरु र पटकाहरु बजारमा बिक्री वितरण गर्न निषेध गरिएको छ ।

च) कुनै पनि होटल तथा अन्य व्यवसाय, उद्योग धन्दा, कलकारखाना, यातायातका साधानमा १८ बर्ष  भन्दा कम उमेरका बालबालिकालाई श्रमिकको रुपमा लगाउन निषेध गरिएको छ ।

छ) स्थानीय सहकारी वा बैंकहरुले बालबालिकालाई उपलब्ध गराएको बचत सेवामा अन्यलाई भन्दा थप सुविधा उपलब्ध गराउनपर्नेछ र त्यस्ता सुविधाबापत प्रचलित कानुनमा तोकिएको बाहेक अन्य कुनै थप सेवा शुल्क लिन पाउने छैन ।

ज) व्यवसायिक रुपमा तथा नाफा कमाउने उद्धेश्यले बालबालिकाकालाई अतिथि सत्कार तथा मनोरन्जनको क्षेत्रमा प्रयोग गर्न पाइने छैन ।

## परिच्छेद ३ :बालबालिकाका लागि उपलब्ध सेवाहरू

५. नेपालको संविधान अनुरुप बाल अधिकारको सुनिश्चितता तथा सर्वोत्तम हितको कार्यान्वयन गर्न गाउँ पालिकाले देहायका सेवाहरु उपलब्ध गराउनेछ :

### ५.१ बालबालिकाको स्वास्थ्य तथा पोषण सम्बन्धी  सेवाहरू

क) गर्भवती महिलालाई नि:शुल्क रुपमा मासिक स्वास्थ्य सेवा, आइरन चक्कि वितरण तथा पति एवं परिवारलाई परामर्श सेवा ।

ख) गाउँ पालिका द्धारा सञ्चालित स्वास्थ्य संस्थाहरुमा नि:शुल्क सुत्केरी सेवा तथा तोकिए बमोजिमको पोषणभत्ता ।

ग) नवजात शिशुलाई नियमित स्वास्थ्य जाँच तथा तोकिएको खोप सेवाहरु नि:शुल्क उपलब्ध गराइनेछ ।

घ) प्रत्येक वडा तथा विद्यालयमा नियमित बाल स्वास्थ्य शिविर (नि:शुल्क परीक्षण तथा औषधी सहित) वार्षिक रुपमा न्युनतम २ पटक आयोजना गरिनेछ ।

ङ) नेपाल सरकारको स्वास्थ्य सस्थावाट कुपोषित भनि तोकिएका वा सिफारिस गरिएका ५ वर्ष भन्दा कम उमेरका एक परिवारमा २ सन्तानलाई तोकिए बमोजिम पोषण भत्ता वा सामग्री उपलब्ध गराइनेछ ।

च) अविभावक तथा समुदायमा बाल पोषण, बाल अधिकार, बालबालिकाको लागि लगानीका विषयमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

### ५.२ बालबालिकाको पहिचानसँग सम्बन्धीत:

क) सबै बालबालिकाको कानुन बमोजिम अनिवार्य जन्म दर्ता गरिनेछ ।

ख) कानुन बमोजिम जन्म दर्ता गर्न बाधा पुगेका बालबालिकाको हकमा संघिय कानुन अनुसार जन्म प्रमाणीकरण गरिनेछ ।

**५.३ बालबालिकाको शिक्षा र विकाससँग सम्बन्धित :**

क) ५ देखि १२ बर्ष उमेरका बालबालिकालाई कुनै पनि आधारमा आधारभूत कक्षामा भर्ना हुन निःशुल्क शिक्षा पाउनबाट बञ्चित गरिनेछैन ।

ख) ३ देखि ५ बर्ष उमेरका बालबालिकालाई अनिवार्य प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना गरिनेछ ।

ग) १५ बर्ष भन्दा बढी उमेरका बालबालिकालाई रुचि अनुसार प्राज्ञिक विद्यालय वा प्राविधिक विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

घ) प्रत्येक वडामा एक बाल उद्यान तथा खेल मैदानको व्यवस्था गरिनेछ ।

ङ) प्रत्येक विद्यालयले साप्ताहिक रुपमा बालबालिका लक्षित सृजनात्मक तथा खेलकुद गतिविधि सञ्चालन गर्नेछन् ।

च) बाल क्लब तथा सञ्जालहरुलाई बालबालिकाको व्यक्तित्व विकासका कार्यक्रमहरु सञ्चालन गर्न, सचेतना कार्यक्रमहरु गर्न तोकिए बमोजिम सहायता प्रदान गरिनेछ ।

**५.४ बाल संरक्षणसँग सम्बन्धित :**

क) बालबालिकाविरुद्ध कुटपिट, भेदभाव तथा शिक्षा स्वास्थ्य पोषणबाट बन्चित भएमा वा अधिकार उल्लङ्घन तथा हनन भएमा न्यायीक समितिबाट निःशुल्क सुनवाइ गरिनेछ ।

ख) हिंसा दुर्व्यवहार प्रभावित बालबालिकाको लागि निःशुल्क अस्थायी संरक्षण, मनोविमर्श तथा कानुनी सहायता प्रदान गरिनेछ ।

ग) बाल बिज्याइ गरेका गाउँ पालिकाभित्रका बालबालिकाका लागि निःशुल्क मनोविमर्श तथा कानुनी सहायता प्रदान गरिनेछ ।

घ) हिंसा तथा अपराध पिडित बालबालिकाका लागि पुनर्स्थापना सेवा प्रदान गरिनेछ ।

ङ) गाउँ पालिकाभित्र परिवारसँगै बसोबास गरिरहेका बालबालिकालाई क्षमता विकास, खेलकुद प्रतिस्पर्धा, पर्यटन, पारिवारिक भेटघाट तथा परिवारसँग बाहेक स्थानीय वडा अध्यक्षको अनुमति वेगर गाउँ पालिका बाहिर पठाउन निषेध गरिनेछ । स्थानीय प्रहरी चौकीहरूबाट बस तथा यातायातका साधनमा बालबालिका ओसारपसारको अनुगमन गरिनेछ ।

च) गाउँपालिकाभित्र स्थायी बसोबास भइ अन्यत्र गएका बालबालिकाको अवस्था जाँच, श्रममा संलग्न बालबालिकाको घरफिर्ती तथा हराएका बालबालिकाको खोजी कार्य गरिनेछ ।

छ) अति गरिबी तथा संरक्षणबिहीन भई जोखिममा परेका बालबालिकालाई गाउँपालिकाले उपर्युक्त संरक्षण, पालनपोषण तथा शिक्षाको व्यवस्था गर्नेछ ।

ज) वेवारिसे अवस्थामा गाउँपालिका भित्र फेलापरेका बालबालिकाको संरक्षक तोक्ने र संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

**५.५ बालबालिकाको सहभागिता संग सम्बन्धीतः**

क) प्रत्येक विद्यालय तथा समुदायमा न्युनतम एक बाल क्लब/समूह  तथा वडा र गाउँ पालिकास्तरमा बाल सञ्जाल गठन गरिनेछ । बाल क्लव/समूह दर्ताको लागि अनुसूची २ बमोजिमको निवेदन दिनुपर्नेछ र प्रकृया पुरा भइ दर्ता हुन आएको बाल क्लव वा समूहलाई नियमानुसार दर्ता गरी अनुसूची ३ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ ।

ख) बस्तीस्तर योजना भेलामा बाल क्लबका प्रतिनिधिको सहभागिता अनिवार्य हुनेछ ।

ग) वडास्तरीय तथा गाउँ पालिका स्तरीय योजना बैठकमा बालबालिकासम्बन्धी  योजना छलफल तथा योजना कार्यान्वयन र अनुगमनमा सम्बन्धित तहको बाल सञ्जाल प्रतिनिधिको सहभागिता अनिवार्य गरिनेछ ।

घ) वडाभित्र रहेका सबै बालक्लबहरुलाई अनिवार्य रुपमा वडाकार्यालयमा सूचीकृत गरिनेछ ।

ङ) बाल क्लब तथा सञ्जालका गतिविधीहरुलाई आवश्यक सहायता तोकिएबमोजिम सम्बन्धित विद्यालय तथा वडा कार्यालयबाट उपलब्ध गराइनेछ ।

च) बाल समूह तथा सञ्जाल सम्बन्धी  व्यबस्था  गाउँपालिकाबाट पारित निर्देशिका बमोजिम गरिनेछ ।

## परिच्छेद ४ : बालअधिकार कार्यान्वयनका लागि संस्थागत व्यवस्था

६ यस कार्यविधीको कार्यान्वयन तथा प्रवर्द्धनका निम्ति देहायका संस्थागत संयन्त्रहरुको गठन तथा परिचालन गरिनेछ ।

७. गाउँपालिका स्तरीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था :

क) बालबालिका सम्वन्धी राष्ट्रिय ऐनले तोके बमोजिम गाउँपालिका तहमा उपप्रमुखले तोकेको कार्यपालिका सदस्यको संयोजकत्वमा निम्न सदस्य रहेको एक गाउँपालिकास्तरीय गाउँ बालअधिकार समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| **अध्यक्ष** | उपाध्यक्षले तोकेको कार्यपालिका सदस्य | १ जना |
| **सदस्य** | शिक्षकहरूमध्येबाट | १ जना |
| **सदस्य** | महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट | १ जना |
| **सदस्य :** | सम्बधित पालिकामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट | २ जना |
| **सदस्य** | गाउँ शिक्षा समितिबाट | १ जना |
| **सदस्य** | गाउँपालिकाको बालक्लव सञ्जालबाट | १ जना |
| **सदस्य** | सामाजिक कार्यमा क्रियाशिल व्यक्तिहरु मध्येबाट आदिबासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरी कम्तिमा १ महिलासहित | ३ जना |
| **सदस्य** | सम्बन्धित पालिकामा रहेको प्रहरी कार्यालयको प्रमुख | १ जना |
| **सदस्य** | गाउँ पालिकामा रहेका पत्रकार महासंघका प्रतिनिधि | १ जना |
| **सदस्य सचिव** | गाउँपालिकाको बालबालिकासम्बन्धी इकाईको प्रमुख | १ जना |

**ख) बालअधिकार समितिका सदस्यहरुका लागि न्युनतम योग्यता देहाय बमोजिम हुनेछ** :

अ) २५ बर्ष  पुरा भएको,

आ) लिसंखु पाखर गाउँपालिकाभित्र स्थायी बसोबास वा कार्यरत रहेको,

इ) कम्तिमा एसएलसी वा सो सरह उत्तिर्ण भएको,

ई) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको,

माथि जे सुकै लेखिएको भए पनि जननिर्वाचित प्रतिनिधि, विद्यालय व्यबस्थापन समिति अध्यक्ष, संघसंस्थाका प्रतिनिधि, अन्य पदेन सदस्यहरु तथा बाल सञ्जाल प्रतिनिधिहरुका हकमा उमेर, बसोवास क्षेत्र तथा शैक्षिक योग्यता को आधारमा सदस्य हुन अयोग्य मानिने छैन ।

ग) गाउँपालिकास्तरीय बाल अधिकार समितिको काम कर्तब्य अधिकार देहाय बमोजिम हुनेछ

अ) गाउँपालिकाले निर्माण गर्न योजना, नीति तथा नियमहरुमा बाल अधिकारको जाँच तथा मुल्याङ्कन गर्ने र सुझाव प्रदान गर्ने ।

आ) स्थानीय तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

इ) स्थानीय तहमा बालअधिकार अवस्थाको अनुगमन तथा अध्यन अनुसन्धान गर्ने गराउने ।

ई) बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरुको संकलन गर्ने र राय सहित न्यायिक समितिमा पठाउने ।

उ) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने ।

ऊ) सार्वजनिक सुनवाइका समयमा स्थानीय तहबाट सम्पन्न बाल अधिकारका कार्यहरु प्रगति विवरण सार्वजनिक गर्ने ।

ए) बालअधिकारका लागि कार्यरत संघ संस्था, परियोजना, सञ्चार, निजी क्षेत्र तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने ।

ऐ) बालक्लव/समूह/सञ्जालको दर्ता, अभिलेखिकरण तथा अद्यावधिक गर्ने ।

**८) स्थानीय बाल कल्याण सहजकर्ता** : (१) गाउँपालिकास्तरीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको समन्वय तथा सहकार्यमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न गाउँ पालिकाले स्थानीय बाल कल्याण सहजकर्ताहरु करारमा नियुक्त गरिने छ ।

(२) उपदफा (१) बमोजिम स्थानिय बालकल्याण सहजकर्ता नियुक्ति, काम कर्तव्य र अधिकार तथा सेवाको शर्त लगाउँत व्यवस्था गाउँपालिकास्तरीय बाल अधिकार समितिले तोके वमोजिम हुनेछ ।

## ९. वडास्तरीय बाल अधिकार समिति

क) वडा तहमा सम्बन्धी त वडाका वडा अध्यक्षको संयोजकत्वमा निम्न सदस्य रहेको एक वडास्तरीय बाल अधिकार समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| संयोजक | वडाअध्यक्ष | १ जना |
| सदस्य | वडा समितिका निर्वाचित जनप्रतिनिधिमध्येबाट | २ जना |
| सदस्य | प्रधानअध्यापक वा शिक्षकहरुमध्येबाट | १ जना |
| सदस्य | महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट | १ जना |
| सदस्य | सम्बन्धित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट | २ जना |
| सदस्य | बालक्लवहरु मध्येबाट प्रतिनिधि | १ जना |
| सदस्य | सामाजिक कार्यमा क्रियाशिल व्यक्तिहरु मध्येबाट कम्तिमा १ महिलासहित | २ जना |

| | | |
|---|---|---|
| सदस्य सचिव | वडा सचिव | १ जना |

**ख) बालअधिकार समितिका सदस्यहरुका लागि न्युनतम योग्यता देहाय बमोजिम हुनेछ :**

अ) २५ वर्ष उमेर पुरा भएको,

आ) सम्बन्धित वडाभित्र स्थायी बसोबास वा कार्यरत रहेको,

इ) कम्तिमा आधारभुत शिक्षा (कक्षा ८) वा सो सरह उत्तिर्ण भएको,

ई) नैतिक पतन हुने फौज्दारी अभियोगमा सजाय नपाएको,

माथि जे सुकै लेखिएको भए पनि जननिर्वाचित प्रतिनिधि, विद्यालय व्यबस्थापन समिति अध्यक्ष, संघसंस्थाका प्रतिनिधि, अन्य पदेन सदस्यहरु तथा बाल सञ्जाल प्रतिनिधिहरुका हकमा उमेर, बसोवास क्षेत्र तथा शैक्षिक योग्यता को आधारमा सदस्य हुन अयोग्य मानीने छैन ।

**ग) वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ :**

अ) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति तथा कार्यक्रमहरुको निर्माण गर्ने ।

आ) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

इ) वडा तहमा बाल अधिकार अवस्थाको अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने ।

ई) बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरुको सङ्कलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने ।

उ) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने ।

ऊ) वडास्तरमा बालश्रम, बालविवाह, बाल बेचबिखन तथा बालबालिका विरुद्ध हुने हिंसा दुर्व्यवहार अन्त्य गर्न कार्यक्रम सञ्चालन गर्ने ।

ए) बालमैत्री वडा निर्माण कार्यक्रमहरु सञ्चालन गर्ने ।

ऐ) सार्वजनिक सुनवाइका समयमा स्थानीय तहबाट सम्पन्न बाल अधिकारका कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्ने ।

ओ) बालअधिकारका लागि कार्यरत संघ संस्था, परियोजना, सञ्चार, निजी क्षेत्र तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने ।

औ) वडामा रहेका बालक्लव/समूह तथा सञ्जालको सूची तयार गरी गाउँ बाल अधिकार समितिमा पेश गर्ने ।

## १०. विद्यालयस्तरीय बाल संरक्षण समिति

क) प्रत्येक विद्यालयमा सम्बन्धी त विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा तोकिएको व्यवस्थापन समिति सदस्यको संयोजकत्वमा निम्न सदस्य रहेको एक विद्यालयस्तरीय बाल संरक्षण समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| अध्यक्ष | बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य | १ जना |
| सदस्य | अविभावक शिक्षक संघबाट प्रतिनिधित्व गर्ने सदस्य (एक महिला र एक पुरुष) | २ जना |
| सदस्य | विद्यालयभित्रको बाल क्लब प्रतिनिधि (एक बालिका र एक बालक) | २ जना |
| सदस्य | विद्यालयमा अध्यापनरत शिक्षक प्रतिनिधि (महिला) | १ जना |

सदस्य सचिव    प्रधानाध्यापक वा निजले तोकेको शिक्षक    १ जना

**ख) विद्यालय बालसंरक्षण समितिको काम कर्तब्य अधिकार देहाय बमोजिम हुनेछ :**

अ) विद्यालयको विद्यालय सुधार योजनामा बालबालिका र बाल अधिकार सम्बन्धी  योजना, नीति तथा कार्यक्रमहरुको समावेश गर्न सुझाव प्रदान गर्ने ।

आ) विद्यालयमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

इ) विद्यालयमा शिक्षक, अविभावक, विद्यार्थी तथा आगन्तुकहरुका लागि आचार संहिताको निर्माण र कार्यान्वयन गर्ने ।

ई) विद्यालयमा बाल अधिकार र बाल संरक्षणको अवस्थाको अनुगमन गर्ने ।

उ) विद्यालयमा बालबालिकाहरुको उजुरी, सुझाव र गुनासोका लागि सुझाव पेटिकाको व्यवस्था र नियमित सुनुवाई सञ्चालन गर्ने ।

ऊ) बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरुको सङ्कलन गर्ने, सुनुवाइ गर्ने, सुनुवाइ गर्न नसकिने उजुरीहरुका बारेमा राय सहित बाल अधिकार समिति तथा न्यायिक समितिमा पठाउने ।

ए) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रमहरु गर्ने गराउने ।

ऐ) बालमैत्री विद्यालय प्रवर्द्धनका कार्यक्रमहरु निर्माण र सञ्चालन गर्ने ।

ओ) सामाजिक लेखापरीक्षणका समयमा विद्यालयबाट सम्पन्न बाल अधिकार तथा बाल संरक्षणका कार्यहरुको प्रगती विवरण सार्वजनिक गर्ने ।

औ) बालअधिकारका लागि कार्यरत संघ संस्था, परियोजना, सञ्चार, निजि क्षेत्र तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने ।

अं) बिद्यालयमा रहेका बालक्लव/समूह तथा सञ्जालको सूची तयार गरी वडा बाल अधिकार समितिमा पेश गर्ने ।

## परिच्छेद ५ : वालकोष सम्बन्धी  व्यबस्था

११. गाउँ पालिकास्तरमा जोखिममा रहेका बालबालिका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ बाल कोष र अक्षयकोष रहनेछ । अक्षयकोषको हकमा गाउँपालिकाले स्वीकृत गरेको कार्यविधि अनुसार हुनेछ ।

१२. बालकोषका आर्थिक श्रोत निम्न रहनेछन् :

क) गाउँ पालिकाबाट वार्षिक रुपमा विनियोजीत बजेट ।

ख) संघ संस्थाबाट प्राप्त हुने सहायता तथा जोड (सम्पुरक) कोष ।

ग) निजी व्यावसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने दान तथा चन्दा सहायता ।

घ) स्थानीय न्यायिक समितिबाट बालबालिकाविरुद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम ।

ङ) अन्य तोकिए बमोजिमका रकमहरु

च) नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त आम्दानीहरु

१३. बालकोषको रकम देहायका अवस्थामा गाउँ पालिकास्तरीय बालअधिकार समितिको निर्णयबाट खर्च गर्न सकिनेछ :

क) हिंसापीडित बालबालिकालाई अधिकतम रु.१० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि ।

ख) हिंसापिडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानुनी सहायतामा लाग्ने खर्च अधिकतम रु.२५ हजार सम्म ।

ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षण बापत अधिकतम प्रति बालबालिका रु.५ हजार सम्म ।

घ) बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रमहरुमा खर्च गर्न पाइनेछैन ।

१४ बाल कोषको खाता सञ्चालन नेपाल सरकारबाट वित्तिय कारोबार गर्न अनुमती प्राप्त वित्तिय सस्था वा बैकमा खाता खोली सञ्चालन गरिनेछ ।

१५ बाल अधिकार समितिको निर्णय अनुसार सहायता उपलब्ध गराउने गरी बाल कोषको खाता सञ्चालक गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद ६ : सार्वजनिक जानकारी र अनुगमन सम्बन्धी व्यबस्था

१६. यस कार्यविधिको सार्वजनिक जानकारीका लागि लिसंखु पाखर गाउँ पालिकाले प्रकाशन गर्ने राजपत्रमा प्रकाशित गरिनेछ र गाउँ सभाका प्रत्येक सदस्य, गाउँपालिकाभित्रका सबै विद्यालय, संघ संस्था तथा प्रहरी कार्यालय र स्वास्थ्य संस्थाहरुमा एक पटकको लागि निःशुल्क वितरण गरिनेछ ।

१७ जो कोहीले पनि यस कार्यबिधिको बारेमा जानकारी माग्न आएमा फोटोकपीको लाग्ने शुल्क लिई उपलब्ध गराइनेछ ।

१८. यस कार्यबिधिलाई गाउँ पालिकाको वेबसाइट तथा फेसबुक पेजमार्फत सार्वजनिक रुपमा उपलब्ध गराइनेछ ।

१९. सार्वजनिक सुनवाइका क्रममा गाउँ पालिकाबाट पेश हुने प्रतिवेदनमा यस कार्यबिधि अनुसार कार्यान्वयनको र प्रगती प्रतिवेदनको अवस्था समावेश गरिनेछ ।

२०. यस कार्यबिधिको कार्यान्वयनको अनुगमन गर्न गाउँ पालिकाको अध्यक्षको संयोजकत्वमा कार्यपालिका सदस्य/सामाजिक विकास समितिको संयोजक र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहेको ३ सदस्यीय अनुगमन समिति गठन गरिनेछ ।

२१. अनुगमन समितिले चौमासिक रुपमा कार्यबिधिको कार्यान्वयन अवस्था अनुगमन गर्नेछ र आवश्यकता अनुसार गाउँ कार्यपालिका बैठमा प्रगती प्रतिवेदन पेश गर्नेछ ।

## परिच्छेद ७ : विविध

२२. यस कार्यविधिको प्रावधानहरुको व्याख्या गर्ने अधिकार गाउंपालिकाको कानुनी सल्लाहकार मार्फत स्थानीय न्यायिक समितिमा रहनेछ ।

२३. यस कार्यविधिको प्रावधानहरु प्रदेश तथा संघीय सरकारबाट निर्मित वा प्रचलित कानुन बमोजिम बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुनेछ ।

२४. यस कार्यविधिमा आवश्यक संशोधन गर्न परेमा कार्यपालिकाले संसोधन गर्न सक्ने छ ।

२५. यस कार्यविधि बमोजिम आवश्यक पर्ने निर्देशन, निर्देशिका तथा मापदण्डहरु निर्माण र लागु गर्न गाउँ कार्यपालिकालाई पूर्ण अधिकार रहनेछ ।

अनुसूची १

**बिद्यालयसँग सम्बद्ध सरोकारवाला हरुको आचार संहिता**

**(नमुनाका लागि)**

**क) शिक्षक :-**

१) बालबालिकासँग सँधै मीठो बोल्ने र उत्साहजनक कुरा गर्दै सकारात्मक, स्नेहपूर्ण आपसी सम्मानपूर्ण व्यवहार गर्नेछौं ।

२) आफ्नो कर्तव्य र जिम्मेवारी बोध गरी बालमैत्री शिक्षण सिकाई अवलम्वन गर्नेछौं ।

३) कक्षाकोठामा आफूले पढाएको पाठ सबै विद्यार्थीले वुझेको सुनिश्चित गर्नेछौं ।

४) कुनै पनि बालबालिकाहरुलाई शारीरिक र मानसिक दण्ड तथा सजाय नदिई सधै वालमैत्री व्यवहार गर्नेछौं ।

५) विद्यालयमा लागु गरिएको आचार संहिता पालना गर्नेछौं ।

६) शिक्षक, अभिभावक र विद्यार्थी बीचको त्रिपक्षीय सुमधुर सम्वन्ध कायम गर्न मद्धत गर्नेछौं ।

७) विद्यालय र समुदाय बीच सहसम्बन्ध कायम गरी काम गर्नेछौं ।

८) विद्यालयलाई राजनीतिक गतिविधिबाट अलग राखी विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्न सहयोग गर्नेछौं ।

९) समयमै पाठ्यक्रमको अध्यापन पाठ योजना बमोजिम गर्न नियमित कक्षा प्रभावकारी रुपमा अध्यापन गर्नेछौं ।

१०) पढाइ लेखाइमा कमजोर भएका वा अन्य कुनै पनि बालबालिकाको विद्यालयमा दर्ता भएको नामबाहेक, होच्याउने खालका अन्य नाम र उपनाम दिई बोल्ने वा भन्ने कुरालाई पूर्ण रुपमा बन्द गर्नेछौं ।

११) कुनै पनि बालबालिकालाई कुट्न, पिट्न वा हप्काउने कार्य आफूले पनि नगर्न र अरु कसैलाई पनि गर्न हुदैन भनी सम्झाउने बुझाउने गर्नेछौं ।

१२) विद्यालयहाता भित्र धुम्रपान, मद्यपान सेवन गर्ने छैनौं ।

**ख) विद्यार्थी :-**

१) विद्यालयमा नियमित उपस्थित भई अनुशासित रुपमा विद्यालयका प्रत्येक गतिविधिमा सक्रिय सहभागी हुनेछौं ।

१) अभिभावक, शिक्षक र ठूला साथीहरुलाई आदर र सानालाई माया गर्नेछौं ।

३) विद्यालयमा लागू गरिएको आचार संहिता पालना गर्नेछौं ।

४) शिक्षक, अभिभावक र विद्यार्थी बीचको त्रिपक्षीय सुमधुर सम्वन्ध कायम गर्नेछौं ।

५) नियमित अनुशासित भई गृहकार्य पूरा गर्न लगायत अध्ययनशील भई अध्ययन गर्नेछौं ।

६) आफ्नो साथी, भाइ, दाइ, दिदी, बहिनीको वास्तविक नाम भन्दा अरु नाम वा उपनाम दिएर सम्बोधन गर्ने वा बोल्ने बानी छोड्ने वा पूर्ण रुपमा त्याग्ने काम गर्नेछौं ।

७) बालक्लब वा समूहमार्फत बालअधिकारका कुरा र विषयको सम्वर्धन गर्न, प्रचार प्रसार गर्नेछौं ।

**ग) विद्यालय प्रशासन :-**

१) विद्यालयमा शान्तिपूर्ण, सुरक्षित, भयरहित वातावरणमा पठनपाठनको व्यवस्था गर्नेछौं ।

२) शिक्षक विद्यार्थीलाई विद्यालयमा नियमित आउने वातावरण तयार गर्नेछौं ।

३) विद्यालय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र समुदायबीच सुमधुर सम्बन्ध विकास गर्नेछौं ।

४) बालबालिकाको वास्तविक नाम भन्दा अन्य नामबाट सम्बोधन गर्न वा बोल्नबाट प्रतिबन्ध गर्नेछौं ।

५) अध्ययन अध्यापनलाई शारीरिक र मानसिक दण्ड वा सजाय दिएर गर्ने प्रचलन वा प्रवृत्ति भए त्यस्तो कार्यलाई तत्काल निषेध गर्न र आवश्यक कारबाहीमा सहयोग गर्नेछौं ।

**घ) विद्यालय व्यवस्थापन समिति :-**

१) बालमैत्री बनाउन विद्यालयको भौतिक संरचना (खेल मैदान, सुरक्षित भवन, कक्षाकोठा, शौचालय, खानेपानी, खेल सामाग्री) निर्माण एवम् व्यवस्था गर्न मद्धत गर्नेछौं ।

२) बालमैत्री पठनपाठन व्यवस्थापनको निम्ति आवश्यक व्यवस्था गर्न मद्धत गर्नेछौं ।

३) बीचमै विद्यालय छाड्ने विद्यालय उमेरका बालबालिकालाई पुनःभर्ना गर्न प्रेरित गर्न सहयोग गर्नेछौं ।

४) बाल संरक्षण नीति कार्यन्वयनको अनुगमन प्रतिवेदनलाई सम्वोधन गर्न सहयोग गर्नेछौं ।

५) विद्यालय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र समुदायबीच सुमधुर सम्बन्ध विकास गर्न मद्धत गर्नेछौं ।

६) अनुशासन वा पढाई लेखाईको नाममा बालबालिकालाई शारीरिक वा मानसिक दण्ड वा सजाय दिने शिक्षकलाई आवश्यक कारबाही गर्न सहयोग गर्नेछौं ।

७) पढाई लेखाईमा कमजोर भएका वा अन्यकुनै पनि बालबालिकाको विद्यालयमा दर्ता भएको नाम बाहेक, होच्याउने खालका अन्य नाम र उपनाम प्रयोग गर्ने अभ्यासलाई निरुत्साहित गर्न मद्धत गर्नेछौं ।

**ङ) अभिभावक :-**

१) बालबालिकालाई नियमित र समयमा विद्यालय पठाउनेछौं ।

२) बालबालिकाको हेरचाह, पोषण र सरसफाइमा ध्यान दिनेछौं ।

३) बालबालिकाको इच्छा र भावना बुझी व्यवहार गर्नेछौं ।

४) बालबालिकालाई शैक्षिक सामग्री (झोला, किताव, कापी, कलम आदि) को व्यवस्था मिलाई खाजा सहित विद्यालय पठाउनेछौं ।

५) विद्यालयमा समय-समयमा उपस्थित भई आफ्ना बालबालिकाको समग्र गतिविधि बुझ्न र आवश्यक परामर्श दिनेछौं ।

६) बालबालिकालाई कुनै पनि बहानामा शारीरिक वा मानसिक पीडा, दण्ड वा सजाय पूर्ण रुपमा तत्काल निषेध गर्नेछौं ।

७) बालबालिकाको वास्तविक नाम बाहेक होच्याउने वा पीडा दिने मनसायले त्यस्तो नाम भन्ने वा बोल्ने प्रवृत्तिलाई तत्काल निषेध गर्नेछौं ।

८) विद्यार्थी प्रगति विवरण वुभ्न नियमित रुपमा विद्यालयमा उपस्थित हुनेछौं ।

९) विद्यालयले डाकेको बैठकमा उपस्थित हुने र आवश्यकता अनुसार सहयोग गर्नेछौं ।

**च) समुदाय :-**

१) समुदायमा हुने गरेको विकृति (बालविवाह, हिंसा, श्रम शोषण, दुर्व्यवहार, विभेद) रोक्न सहयोग गर्नेछौं ।

२) विद्यालयमा बाल संरक्षणको निम्ति आवश्यक सहयोगको वातावरण कायम गर्नेछौं ।

३) बालबालिकालाई पीडा दिने, होच्याउने, हेप्ने खालका नाम वा शब्द बोल्न, भन्न वा प्रयोग गर्न तत्काल निषेध गर्न मद्धत गर्नेछौं ।

४) शारीरिक र मानसिक दण्ड वा सजाय दिएर अध्ययन अध्यापन गर्ने प्रचलन वा प्रवृत्तिलाई तत्काल निषेध गर्न मद्धत गर्नेछौं ।

अनुसूची २

**लिसंखु पाखर गाउँ पालिका**

**बालअधिकार समिति**

**बाल क्लब/समूह दर्ताका लागि दिइने निवेदनको नमुना**

१. बालक्लव/समूहको नाम :

२. बालक्लव/समूहको ठेगाना :

३. बालक्लव/समूहको लागि सम्पर्क व्यक्ति :

४. सम्पर्क शिक्षक/व्यक्ति/सहजकर्ता

४. बालक्लव/समूह स्थापना वा गठन गरिएको मिति :

५. बालक्लव/समूहको प्रकार (ठिक चिन्हलगाउनुस्)

- क) विद्यालयमा आधारित बालक्लव/समूह ☐
- ख) समुदायमा आधारित बालक्लव/समूह ☐
- ग) विषयगत बालक्लव/समूह ☐
- घ) विशिष्टिकृत बालक्लव/समूह ☐
- ङ) बाल समूह संजाल ☐

६. उद्धेश्य

- क)
- ख)
- ग)

७. मुख्य कार्यक्रम

- क)
- ख)
- ग)

८. कार्यसमिति सदस्यहरु,

| क.सं | नाम | ठेगाना | पद | सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| | | | | | |

निवेदक

नाम :

पद :

मिति :

हस्ताक्षर :

**संग्लन कागजातहरु**

१. बालक्लव दर्ताका लागि बसिएको बैठकको निर्णय प्रतिलिपि २. पदाधिकारीहरुको परिचय खोल्ने कागजात जन्मदर्ता, विद्यालयको सिफारिस, प्रमाण पत्र, अन्य कागजात

अनुसूची ३

सुचिकृत बाल क्लब/समूहलाई दिइने प्रमाणपत्रको ढाँचा

दर्ता नं ...............

दर्ता मिति : ............

**लिसंखु पाखर गाउँपालिका**

**गाउँ बाल अधिकार समिति**

**<u>बाल क्लव/समूह दर्ता–प्रमाण पत्र</u>**

बाल अधिकार सम्बन्धी महासन्धि १९८९ र बालबालिका सम्वन्धि ऐन २०७५ एवम लिसंखु पाखर गाउँ पालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यबिधि, २०७५ को दफा ५.५को (क) बमोजिम सिन्धुपाल्चोक जिल्ला लिसंखु पाखर गाउँपालिका वडा नं..........मा अवस्थित विद्यालयमा आधारित /समुदायमा आधारित बाल क्लव/ समूह/ दर्ता गरी यो आवद्धता–प्रमाण पत्र प्रदान गरिएको छ । बाल अधिकार संरक्षण र सम्वर्द्धनमा सक्रिय योगदान रहने अपेक्षा गर्दै यस बाल क्लव/समूहको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

बाल कल्याण अधिकारी अध्यक्ष

आज्ञाले,

पूर्ण प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत